# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## त्रिपुरासुन्दरी नगरपालिका
## डोल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः२०७८/७९ मितिः२०७८/०५/०४
च.नं. १८४

श्री नगर प्रमुखज्यू,
श्री त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

**बोधार्थ तथा कार्यार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ - प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्याः २०७८।७९ मितिः २०७८।०५।०४
च.नं. १८५

श्री नगर प्रमुखज्यू,
त्रिपुरासुन्दरी नगरकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले त्रिपुरासुन्दरी नगरकार्यपालिकाको कार्यालय, डोल्पाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं । हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. ६ करोड ८३ लाख ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९५ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.८१ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ७८ लाख ३६ हजार र पेश्की बाँकी रु.१ करोड २९ लाख रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७८।२।११** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया साथ वेरुजु पुष्ट्याँई गर्ने प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्यौंट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन **पाना ३४ (चौंतीस)** यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन । हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन्‌भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

# त्रिपुरासुन्दरी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## आर्थिक वर्ष २०७६/७७

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, ३९३.४५ वर्ग किलोमिटर क्षेत्रफल तथा ११,६९२ जना जनसंख्या रहेको छ।

**स्थानीय संचित कोष :** आर्थिक वर्ष २०७६/७७ को स्थानीय सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | ३०३८६४२७३.५८ |
| | क) धरौटी मौज्दात | | ७३०९८०.०० | २ | **पूँजीगत खर्च** | | १३९७६७३२२.०० |
| | ख) बैङ्क मौज्दात | | २२३१६०३३.८९ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०.०० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | ४ | **अन्य खर्च** | | |
| | क) आन्तरिक राजस्व | | ५१२४३५४.४८ | | क) विपद व्यवस्थापन | | ३८५६००.०० |
| | ख) राजस्व बाँडफाँड | | ३८४७०२२०.४२ | | ख) मर्मत सम्भार कोष | | ६८४०५१.०० |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | | | ग) संघ कोरोना प्रकोप | | १०११४५७.०० |
| | क) वित्तीय समानीकरण अनुदान | | ८८१०००००.०० | | घ) प्रकोप कोरोना प्रकोप | | २००००००.०० |
| | ख) सशर्त अनुदान | | १८७१७००००.०० | ५ | **धरौटी फिर्ता** | | १७९६१८०.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ६ | **कोष फिर्ता** | | ६२१९७०२.०० |
| | क) वित्तीय समानीकरण अनुदान | | ९९७९०००.०० | ७ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | | ९३०००००.०० | | क) बैंक मौज्दात | | ११३५६३८९.४२ |
| ५ | अन्य | | | | ख) नगद मौज्दात | | ०.०० |
| | क)अन्य आय | | ६६७९९३०.०० | | ग) धरौटी मौज्दात | | १७१०२००.०० |
| | ख)संघ कोरोना प्रकोप | | १५३७३७५.०० | | घ) कल्याण कोष | | ८३५७९५.२० |
| | ग) पर्यटन बोर्ड | | ५०००००.०० | | घ) मर्मत सम्भार कोष | | ३२४२०७.६४ |
| | घ) कर्मचारी कल्याण | | ८३५७९५.२० | | च) विपद व्यवस्थापन | | ११४४००.०० |
| | ङ) मर्मत सम्भार कोष | | १००८२५८.६४ | | छ) प्रकोप व्यवस्थापन | | ५२५९१८.०० |
| | च) विपद व्यवस्थापन | | ५०००००.०० | | | | |
| ६ | **प्रदेश कोरोना कोष** | | २००००००.०० | | | | |
| ७ | **विषयगत निकायबाट प्राप्त** | | ९३५६८१४८.०० | | | | |
| ८ | **धरौटी आय** | | २७७५४०० | | | | |
| | **जम्मा** | | ४७०५९५४९५.८४ | | **जम्मा** | | ४७०५९५४९५.८४ |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरू</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१.</td><td>बैक हिसाबः स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी बैङ्क बढी रकम यकिन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक (बैङ्क बढी)</th></tr>
<tr><td>१</td><td>संञ्चित कोष खाता</td><td>११३५६३८९/४२</td><td>२००४२२९५/०१</td><td>८६८५९०५/५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
<tr><td></td><td>• नगरपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख नगरपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ वमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता म.ले.प.फा.नं.४१५ प्रयोगमा नल्याएको ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम मुल्य अभिवृद्धि कर भुक्तानी भएका फर्मको जानकारी नगराएको ।<br>• भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.९०८ तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.९०९ प्रयोगमा नल्याएको ।<br>• खरिद इकाई गठन नगरेको तथा खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम पान नम्बर भएका फर्म सँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा लागु नगरेको ।<br>• कार्यालय प्रमुख, लेखा प्रमुख तथा गाउँपालिकका पदाधिकारीको नाममा पेश्की दिने गरेको ।<br>• आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्र्यौट नगरेको ।<br>• अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको । | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरू</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३.</td><td>ऐनको कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७)मा नगरपालिकाले नगरसभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्जनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले कतिपय कार्यक्रम नगर सभाबाट स्वीकृत कार्यक्रम भन्दा नगरकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो । नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन । यसबाट नगरसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । नगरपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>अबण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाले यो बर्ष रु.५ करोड १८ लाख अबण्डा राखी कार्यपालिकाको विभिन्न समयको निर्णयबाट कार्यक्रम, स्वीकृत गरी खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>बिनियोजन भन्दा वढी खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धीत खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्नुपर्ने उल्लेख छ । तर यस नगरपालिकाले देहाय अनुसारको शीर्षकमा विनियोजन गरेभन्दा रु.१ करोड ५६ लाख ६० हजार बढी खर्च गरेको छ । निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>शीर्षक</th><th>विनियोजित रकम</th><th>खर्च भएको रकम</th><th>बढी खर्च भएको रकम</th></tr>
<tr><td>१</td><td>संघीय राजश्व बाँडफाँड</td><td>३८४७०२२०/४२</td><td>५३८५२९०७/६५</td><td>१५३८२६८७/२३</td></tr>
<tr><td>२</td><td>प्रदेश राजश्व बाँडफाँड</td><td>०.००</td><td>२७७५३७/-</td><td>२७७५३७/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१५६६०२२४/२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>६.</td><td>खर्च बिश्लेषणः नगरपालिकाले यसबर्ष आन्तरिक आयबाट कुल रु ५१,२४,३५७/४८, राजस्व बाँडफाँड र अनुदानबाट रु ४४,२४,२४,१२७/४७ समेत रु ४४,७५,४८,४८४/९५ आम्दानी भएकोमा चालु तर्फ रु २७,९५,६९,३५९/३८ र पूँजिगत तर्फ रु १३,९७,६७,३२२/- समेत रु ४१,९३,३६,६८१/३८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२२ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.१,२३,५०,०००/-खर्च भएको छ जुन आन्तरिक आयको २४१ प्रतिशत बढी रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.६७ प्रतिशत चालु र ३३.३३ प्रतिशतमात्र पूँजिगत</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ । | |
| ७. | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ८. | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरण अनुसार कर्मचारी कल्याणकोषमा गत वर्षको मौज्दात रू.८,३५,७९५/२० रहेकोमा यो वर्ष समेत सोही मौज्दात कायम रहेको देखियो।नगरपालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा आम्दानी खर्च गरेको देखिएन।उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । नगरपालिकाले कल्याणकोष सञ्चालन सम्बन्धमा आवश्यक कानुन निर्माण गरी लागू गर्नुपर्दछ। | |
| ९. | **वडा सचिवको पदपूर्ति :** नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । नगरपालिकामा रहेका ११ वडा मध्ये १० वडामा वडा सचिवको दरबन्दी रिक्त हुँदा सेवा प्रवाहमा असर पुगेको छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | ११ | १ | १० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| १०. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार नगरपालिकाले विभिन्न ऐन, नियमावली र कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा | विवरण | जम्मा |
|---|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | नभएको | **पूर्वाधार विकास सडक निर्माण** | |
| **पञ्जिकरणतर्फ** | | कालोपत्रे सडक निर्माण | नभएको |
| जन्मदर्ता | १२० | कालोपत्रे सडक मर्मत | नभएको |
| मृत्युदर्ता | १० | ग्राभेल सडक निर्माण | विवरण पेश नभएको |
| बसाईसराई दर्ता | ५ | ग्राभेल सडक मर्मत | नभएको |
| विवाह दर्ता | ६० | नागरीकता सिफारीस | विवरण पेश नभएको |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
| --- | --- | --- |
| | सम्बन्धविच्छेद दर्ता \| नभएको \| नाताप्रमाणीत \| विवरण पेश नभएको | |
| | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| ११. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर  विकास योजना २०७६/७७ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन ।<br><br>नगरपालिकाबाट प्राप्त विवरण अनुसार नगरपालिकाले यस वर्ष जम्मा ११६ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका ४४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १२. | **आन्तरिक लेखापरीक्षण :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १३. | **पदाधिकारी सुविधाः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ।जसअनुसार कर्णाली प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/३० मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ।जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिंदैन।तर नगरपालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा यो वर्ष गत वर्षको भुक्तानी दिन बाँकी समेत रु.१,२३,५०,०००/- खर्च लेखेको देखिन्छ। | |
| १४. | **बैठक भत्ताः** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ११ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको वैठकमा भाग लिएको | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | प्रत्येक दिनको लागि अनुसूची-२ वमोजिमको रकम वैठक भत्ता वापत पाउने उल्लेख छ । नगरपालिकाले यो वर्ष पदाधिकारी र सदस्यहरूलाई सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु.४,५८,०००/-खर्च लेखेको छ। | |
| १५. | **स्वकीय सचिव र सल्लाहकार** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा तलब भत्ता भुक्तानी हुने गरी श्री राजेश बुढालाई नियुक्त गरी मासिक रु.३०,२००/- का दरले चाडपर्व खर्च र पोशाक समेत रु.४,०५,२००/- भुक्तानी भएको छ । | |
| १६. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३,९७,६७,३२२/-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ।तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १७. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,३३,९३,१५०/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.५१,२४,३५४/४८ अर्थात अनुमान भन्दा ६१.७४ प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १८. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख नगरपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| १९. | **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु नगरपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका वा कार्यालय गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| २०. | **सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५, मा स्थानीय तहले प्राप्त अनुदान रकम सम्बन्धित वडा कार्यालयबाट प्रविष्टि भएको एम आई एस लगायतका आधारमा बैंक मार्फत भुक्तानी दिनुपर्ने र हाताहातै नगद वितरण गर्नु परेमा मन्त्रालयको स्वीकृती लिनुपर्ने व्यवस्था छ ।साथै भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्ने वा निजको व्यक्तिगत बैंक खातामा जम्मा गरिदिनुपर्ने व्यवस्था छ ।यस नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा हातहातै नगदै वितरण गरेकोमा मन्त्रालयको स्वीकृती लिएको देखिएन । नगरपालिकाले भत्ता पाउने व्यक्तिहरुको बैंक खाता खोल्न लगाई बैंक मार्फत मात्र भत्ता वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २१. | **फिर्ता दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ को दफा ५३(२) मा प्रचलित कानून बमोजिम कारोवार सँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिस गर्ने कर्मचारीले आफुले समपादन गरेकोकाम र सो सँग सम्बन्धित कारोवारको जिम्मेवारी वहन गर्नुपर्ने र त्यस्तो कामको सम्बन्धमा निज आफै जवाफदेही हुनुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्न खरिदार विश्वरुप बुढालाई रु.३६९६८२००/- पेश्की दिएकोमा रु. ३४०५१९००/- को मात्र विल | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | भरपाई पेश भई बाँकी रहेको रु. २९१६३००/- फिर्ता दाखिला गर्नुपर्नेमा रु.२२६५५००/- मात्र फिर्ता दाखिला गरेकोले फिर्ता गर्न बाँकी रु. ६५०८००/- असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ रु. | ६५०८००/- |
| २१.१. | निम्नानुसारका वडाहरुमा एम आई एस लगतमा नै एकै व्यक्तिको नाम दोहोरो लगत कायम भएकोमा भत्ता समेत दोहोरो नै भुक्तानी दिएको, भत्ता बुझ्ने व्यक्तिको सहीछाप नभएता पनि बजेट खर्चमा समावेस गरेको देखियो । एकै व्यक्तिलाई दोहोरो भत्ता वितरण गरेको तथा बढी बजेट खर्च लेखेको सम्बन्धमा छानविन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ, रू. | ४९८२००/- |

| वडा नं. | दोहोरो भुक्तानी भएको रकम | वडा नं. | दोहोरो भुक्तानी भएको रकम |
|---|---|---|---|
| ३ | १९७४००/- | ५ | ३२०००/- |
| ४ | १५४८००/- | ६ | ११४०००/- |
| | | जम्मा | ४९८२००।- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| २१.२. | नगरपालिकाले केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट भएको एम आई एस लगतको आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । तर  एम आई एस लगतमा नाम छुट भएको जनाई निम्नानुसारको वडाहरुमा हातैले नामथप गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । हातैले नाम थप गरी भत्ता वितरण गरेको सम्बन्धमा छानविन गरी  एम आई एस लगत अद्यावधिक गर्नुपर्दछ। | |

| वडा नं. | थप गरेको व्यक्तिको संख्या | भुक्तानी रकम रु. | वडा नं. | थप गरेको व्यक्तिको संख्या | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १ | प्रथम चौमासिक- १६ जना | १५८४००/- | ५ | दोश्रो चौमासिक- ७ जना | ५६७००/- |
| | दोश्रो चौमासिक- ९ जना | | | तेश्रो चौमासिक- १९ जना | |
| | तेश्रो चौमासिक- २६ जना | | ६ | दोश्रो चौमासिक- ९ जना | ६५२००/- |
| २ | प्रथम चौमासिक- २ जना | १२७२००/- | | तेश्रो चौमासिक- ११ जना | |
| | दोश्रो चौमासिक- २१ जना | | ७ | तेश्रो चौमासिक- ३२ जना | ९८८००/- |
| | तेश्रो चौमासिक- १४ जना | | ११ | तेश्रो चौमासिक- २३ जना | ५८८००/- |
| ३ | तेश्रो चौमासिक- ९ जना | ५३६००/- | | जम्मा | ६१९६००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| २२. | **शसर्त अनुदानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, दफा २१(३) मा विनियोजन ऐनमा समावेस भएको कुनै रकम सोही आर्थिक वर्ष खर्च हुन नसकेमा अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकालाई यो वर्ष संघिय शसर्त अनुदानमा रु १८७१७००००/- निकासा भएकोमा रु.१७३६३०२९७/९९ खर्च भई रु.१०४३९७०२/०१ बाँकी रहेकोमा रु. ६२१९७०२/- मात्र संघिय संचित कोष फिर्ता गरेकोले बाँकी रु. ४२२००००/- समेत फिर्ता दाखिला गर्नुपर्दछ, रू. | ४२२००००/- |
| २३. | **लेखापरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवार तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।यस नगरपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट कन्टेन्जेन्सी कट्टा गरेको रु.६३७९५६७/- खर्च गरेको विल भरपाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसन्धानको लागि पठाएको जनाई लेखापरीक्षणमा पेश | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | गरेको छैन । ति विल भरपाई पेश गरी लेखापरीक्षण गराउनु पर्दछ, रू. | ६३७९५६७/- |
| | **चालु खर्चतर्फः** | |
| २४. | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९ कोदफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले नगरनगरपालिकामा कार्यरत कर्मचारीहरुको आर्थिक वर्ष २०७६/७७ को तलवी प्रतिवेदन पारित नगरी रु.६०,२२,०५२/६५ तलब भत्ता खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड रकम समेत यकिन हुन सकेन। | |
| २५. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यो वर्ष पूँजीगत खर्च शीर्षकबाट दुर्घटनामा मृत्य भएका, प्राकृतिक प्रकोपमा परेका, औषधि उपचार लगायतमा विभिन्न व्यक्ति लाई रु.२८,७७,०००/-आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६. | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१)मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । निम्न भौ.नं./मिति बाट भुक्तानी भएको रु. १६१४७५०/-बराबरको विभिन्न समाग्रीको जिन्सी दाखिला रहेको देखिएन जिन्सी दाखिला रहेको प्रमाण पेश हुनु पर्दछ, रू. | १६१४७५०/- |

| भौ.नं./मिति | खरिद गरेको सामान | आपुर्तक | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ३/२०७६/८/१९ | भलिवल लगायत अन्य मशलन्द सामग्री | कृति स्टेशनरी एण्ड अर्डर सप्लायर्स | १०००००/- |
| १६४/२०७६/९/२९ | डेल ल्यापट-३, क्यानन प्रिण्टर-१ लगायत | न्यू नमस्ते ट्रेडर्स | ४३९७५०/- |
| ३२७/२०७७/३/८ | डेल ल्यापटप-१, कलर प्रिण्टर-१, युपिएस इन्भर्टर लगात | न्यू नमस्ते ट्रेडर्स | ३००००/- |
| ३७८/२०७७/३/१४ | डेल प्यापटप-१ लगायत स्टेसनरी सामाग्री | लक्ष्मी स्टेसनरी | ३००००/- |
| १६/२०७६/६/१४ | HP14 i5 ल्यापटप लगायत सामाग्री | | १००००/- |
| ९५/२०७६/९/२९ | Web Site निर्माण | सरोकार टेक्नोलोजी प्रा.लि. | ३७५०००/- |
| | | **जम्मा** | **१६१४७५०/-** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| २७. | **विल भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३)मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ । देहायको भौ.नं. र मितिबाट संलग्न फाटवारीमा विल भरपाई वेगर रु.७,३६,७०६/-खर्च लेखेको देखियो।सो खर्च पुष्टि गर्ने विल भरपाई नभएकोले खर्च पुष्टि गर्ने प्रमाण कागजात पेश हुनुपर्दछ, अन्याथा उक्त रकम सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला हुनुपर्दछ, रू. | ७३६७०६/- |

| भौनं./मिति | भुक्तानी लिनेको नाम | लेखेको खर्च रु. | विल भरपाईमा भएको रु. | बढी खर्च लेखेको रु. |
|---|---|---|---|---|
| २७-२०७७/७/१७ | हेमन्त बोहोरा | ९८८०/- | ०/०० | ९८८०/- |
| ३०-२०७६/७/१७ | बजेट खर्च-विवरण नखुलेको | ७९६००/- | ६७६००/- | १२०००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ३१-२०७६/७/१४ | बाला त्रिपुरा सुन्दरी कला संस्कृति समाज | २५००००/- | १४२४१५/- | १०७५८५/- |
| | २७७-२०७७/२/१५ | परामर्श सेवा खर्च (गोश्वारा भौचर नभएको) | ४९७०००/- | ०/०० | ४९७०००/- |
| | ५१९-२०७७/३/३१ | वीर बहादुर बुढा, खड्क ट्रेड एण्ड सप्लायर्स | ११५९५३/- | ८३५७६/- | ३२३७७/- |
| | ३६२-२०७७/३/११ | शान्ती महातारा | ५००००/- | २५०००/- | २५०००/- |
| | ३७७-२०७७/३/१७ | विश्वरुप बुढा | १४०९८४८/- | १३८६९८४/- | २२८६४/- |
| | ३५५-०७७/३/१० | खड्क सिंह कठायत | ३००००/- | ०/०० | ३००००/- |
| | | | | **जम्मा** | **७३६७०६/-** |

| | | |
|---|---|---|
| २८. | **हेलिकप्टर खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३)मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राखु पर्ने र सोही बमोजिम खर्च लेखुपर्ने व्यवस्था छ। भौ.नं./ मिति १७-२०७६/६/१७ बाट अधिकृत छैटौं हिराचन्द्र धरालालाई डोल्पो महोत्सवमा भाग लिन जाँदा हेलिकप्टर प्रयोग गरेको रु. ४१५००/- समेत दैनिक तथा भ्रमण भत्ता वापत रु. ५२५००/- भुक्तानी गरेको छ। निजले हेलिकप्टर प्रयोग गरी भ्रमण गर्न पाउने आदेश नभएको तथा सोको बिल भरपाई समेत नभएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ, रू. | ४१५००/- |
| २९. | **बढी भुक्तानीः** भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकका निम्नानुसारका कर्मचारी सरुवा भई अन्यत्र कार्यालयमा हाजिर हुन जाँदा र अन्यत्र कार्यालयबाट यस नगरपालिकाको कार्यालयमा हाजिर हुन आउदा आउन जान लाग्ने वास्तविक दिन भन्दा बढी दिनको भ्रमण खर्च र भ्रमण भत्ता भुक्तानी गरेको, नक्कली प्लेन टिकट र बोर्डिङ्ग पेश गरी (हवाई टिकटको Online PNR, Ticket number जाँच गर्दा हवाई यात्रा नगरेको) परिवारका सदस्यको नाममा भ्रमण नै नगरी बढी भुक्तानी लिने लगायतको कैफियत देखियो। यसरी विभिन्न कारणबाट सरुवा भ्रमण भत्ता रु. ७१९४५०/- बढी भुक्तानी भएको छ ।बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ, रू. | ७१९४५०/- |

| कर्मचारीको नाम | सरुवा/ बढुवा भई गएको/आएको कार्यालयय | परिवार संख्या | पैदल/प्लेन/गाडीमा हिडेको दिन/ | भुक्तानी दिएको रकम रु. | भुक्तानी दिनुपर्ने रकम रु. | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| अनमी सावित्री सिंह | गुठीचौर गाउँपालिका, जुम्ला | ६ | १० | ८१२००/- | ३३६६०/- | ४७५४०/- | वास्तविक लाग्ने भन्दा बढी दिनको भुक्तानी |
| ना.सु.चन्द्रप्रकाश बुडथापा | नाक्चे लाग्ना सडक योजना जुम्ला | ६ | ७ | ११९१२० | १४८००/- | १०४३२०/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| अनमी टिका चौधरी | गेरुवा गाउँनगरपालिका दर्दिया | ५ | ७ | ७४६५०/- | १४८००/- | ५९८५०/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| अधिकृतछैटौ धनबहादुर महत | | ५ | ७ | ८८५५०/- | १७७००/- | ७०५५०/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| प्र.प.अ पित्री भक्त गिरी | पञ्चकुमारी नगरपालिका सुर्खेत बाट कार्यालय | ५ | ८ | ८३२००/- | ६०६००/- | २२६००/- | वास्तविक लाग्ने भन्दा बढी दिनको भुक्तानी |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अहेव अमर बहादुर बस्नेत | प्राथमिक स्वास्थ्य केन्द्र, सोलुखुम्बुबाट | ६ | १८ | १४८०००/- | २३२५०/- | १२४७५०/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| ज.स्वा.नि.छैटौ कृष्ण कार्की | तिनाउ गाउँपालिका पाल्पा | ४ | ७ | ४८०२०/- | १८८००/- | २९२२०/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| हे.अ.पुष्प चन्द | गोदावरी नगरपालिका, ललितपुर | ५ | ७ | ६८०००/- | १६८००/- | ५१२००/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| अहेव टेकनाथ योगी | सल्यान | ५ | ७ | ६८०००/- | ४४५००/- | २३५००/- | वास्तविक लाग्ने भन्दा बढी दिनको भुक्तानी |
| अहेव मेघराज बराल | जानकी गा.पा,बाँके | ५ | ७ | ६८०००/- | १४४००/- | ५३६००/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र गएको |
| हे.अ.नरेन्द्र कुमार बोहोरा | नेटा गुल्मीबाट कार्यालय | ४ | ७ | ६८०००/- | १७८००/- | ५०२००/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र आएको |
| धर्मदेवी बोहोरा | बारदर्दिया न.पा. वर्दियाबाट | ५ | ७ | ७००००/- | ४४५००/- | २१०००/- | वास्तविक लाग्ने भन्दा बढी दिनको भुक्तानी |
| स.मवि.नि. शान्ती महातारा | जगदुल्ला गा.पा. डोल्पा बाट | ४ | ४ | ६५०००/- | ३५८८०/- | २९१२०/- | वास्तविक लाग्ने भन्दा बढी दिनको भुक्तानी |
| हे.अ. जगवर बुढा | वैतेश्वर गा.पा. दोलखाबाट | ३ | ७ | ५५०००/- | २२०००/- | ३२०००/- | निजले दावी गरे अनुरुप हवाई यात्रा नभएको, एक जना मात्र आएको |
| | | | | | जम्मा | ७१९४५०/- | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३०. | **पारिश्रमिक करः** आयकर ऐन २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सवै रकम आयमा समावेश गरी नियमानुसार छुटपाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाका निम्नानुसारका कर्मचारीले पाएको सुविधा प्रोत्स ाहन भत्ता दशै खर्च लुगा भत्ता लगागतको कूल आयमा निम्नानुसार कर कट्टा गर्नुपर्नेमा कर कट्टा गर्न छुट भएको रु. २१०१४८/- असुल गरी संचित कोषमा दाखिला गर्नु पर्दछ, रू. | २१०१४८/- |

| सि.नं. | नाम र पद | कूल आय | कट्टा गर्न पाउने रकम | करयोग्य आय | लाग्ने कर रकम | कट्टा गरेको रकम | कर छुट रकम |
|---|---|---|---|---|---|---|---|
| १ | नगर प्रमुख ओम बहादुर बुढा | ७८२०००/- | ५०००००/- | २८२०००/- | ४६४००/- | ०/०० | ४६४००/- |
| २ | नगर उप प्रमुख चन्द्रकुमारी बुढा | ६९००००/- | ५०००००/- | १९००००/- | २८०००/- | ०/० | २८०००/- |
| ३ | प्र.प्र.अ. पित्री भक्त गिरी | ८८५८५१ | ६२४०९३/- | २६१७५८/- | ४२३५२/- | ०/० | ४२३५२/- |
| ४ | अधिकृत छैटौं हिराचन्द्र धराला | ७७०३७५/- | ५६४६७९/- | २०५६९६/- | ३११४०/- | ०/०० | ३११४०/- |
| ५ | सि.अहेव जुन कुमारी रोकाया | ८२३०००/- | ६१७३६०/- | २०५६४०/- | ३११२८/- | ०/०० | ३११२८/--- |
| ६ | सि.अ.हे.व शेर बहादुर कठायत | ८२३०००/- | ६१७३६०/- | २०५६४०/- | ३११२८/- | ०/०० | ३११२८/-- |
| | | | | | | जम्मा | २१०१४८/- |

| | | |
|---|---|---|
| ३१. | **भ्रमण भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भरपाई पेश गर्नुपर्ने उल्लेख छ।नगरपालिकाले यो वर्ष विभिन्न पदाधिकारी तथा कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेकोमा पेश गरेको बील भन्दा बढी भुक्तानी भएको,स्वीकृत भ्रमण | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | आदेश बिना भुक्तानी गरेको, नियमानुसार पाउनुपर्ने भन्दा बढी रकम भुक्तानी गरेको, सम्बन्धितले रकम बुझेको भरपाई संलग्न नगरेको तथा हवाई यात्राको टिकट/बोर्डिङ पास पेश नगरेको, (हवाई टिकटको Online PNR, Ticket number जाँच गर्दा हवाई यात्रा नगरेको) अन्य यातायातको टिकट नभएको लगायतका समस्या देखिएका छन। बढी भुक्तानी भएको रु. ९१२९५/- सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ, रू. | ९१२९५/- |

| भौ.न /मिति | भ्रमण गर्ने पधादिकारीको नाम | भ्रमण स्थान | भ्रमण अवधी | भ्रमण खर्च | भ्रमण भत्ता | बढी भुक्तानी | कफियत |
|---|---|---|---|---|---|---|---|
| ६२-०७६/९/१ | नि.प्र.प्र.अ. हिराचन्द्र धराला | नेपागंज-काठमाडौ | ०७६/७/१९-२७ | २६०००/- | १००००/ | ५१०० | प्लेन टिकटको बढी भुक्तानी |
| ६३-०७६/९/२ | स.लेखा चौथो रुपचन्द्र बुढा | नेपागंज-काठमाडौ | ०७६/६/२७-७/२ | १८२००/- | ८८५०/- | १२६००/- | प्लेन टिकट बोर्डिङ पास नभएको |
| ८३-०७६/१०/१७ | उपप्रमख चन्द्रकुमारी बुढा | नेपागंज-काठमाडौ-सुर्खेत | ०७६/९/१४-२० | २०७५०/- | ११२५०/ | १७१५०/- | प्लेन टिकटको बढी भुक्तानी |
| ८४-०७६/१०/५ | प्र.प्र.अ पित्रीभक्त गिरी | सुर्खेत -डोल्पा | ०७६/९/२३-५ | १८०००/- | ११२००/ | ३००००/- | स्वीकृत भ्रमण आदेश नभएको |
| १३१-०७६/१२/९ | धन प्साद बुढा | डोल्पा- नेपालगंज | ०७६/११/५-१२ | १०९२०/- | ७५८०/- | १०९२०/- | प्लेन टिकट बोर्डिङ पास नभएको |
| १३३-०७६/१२/९ | स.चौथो मुगा मल्ल | डोल्पा- नेपालगंज | ०७६/११/५-१२ | १०४०५/- | ८१९५/- | ५१०५/- | प्लेन टिकटको बढी भुक्तानी |
| २३९-०७७/१/२९ | बाले बोहोरा | नेपागंज-काठमाडौ | ०७६/११/९-१५ | २१७०० | ७५५०/- | १०४२० | प्लेन टिकट बोर्डिङ पास नभएको |
| ५१२-०७७/३/३० | लुला चन्द्र बुढा | डोल्पा- नेपालगंज | ०७६/११/२१-११/२७ | २२०००/- | ८००००/- | ३००००/- | प्लेन टिकट बोर्डिङ पास नभएको, स्वीकृत भ्रमण आदेश नभएको |
| | | | | | जम्मा | ९१२९५/- | |

| | | |
|---|---|---|
| ३२. | **छुट करः** आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका मु.अ.कर विजक जारी नगरेका संस्थाहरुलाई सेवा कार्य वापत भुक्तानी गर्दा श्रोतमा नियमानुसार हुने कर कट्टा नगरी भुक्तानी गरेको देखियो । देहायका संस्थाबाट कर कट्टा गर्न छुट रकम रु. ३२२५००/-असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्दछ, रू. | ३२२५००/- |

| भौ.नं./मिति | सेवा प्रदायकको नाम | भुक्तानी रकम रु. | १५ प्रतिशत कर रकम रु. |
|---|---|---|---|
| १८०-२०७७/१/८ | प्रगतिशिल अपांग कल्याण समाज,डोल्पा | ६०००००/- | ९००००/- |
| ५३८-२०७७/३/३१ | महिला शसक्तिकरण केन्द्र, डोल्पा | ११०००००/- | १६५०००/- |
| ५२६-२०७७/३/३१ | दलित विकास समिति,डोल्पा | ४५००००/- | ६७५००/- |
| | | जम्मा | ३२२५००/- |

| | | |
|---|---|---|
| ३३. | **फोटोकपी विजकः** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ मा म्ू.अ.कर दर्ता भएका फर्मले रीतपुर्वकको विल जारी गर्नुपर्दछ । नगरनगरपालिकाले निम्न आपुर्तकबाट विभिन्न सामाग्री खरिद गरी भुक्तानी गर्दा सक्कल विल संलग्न नदेखिएकोले नगरपालिकाले तिरेको मूल्य अभिवृद्धि कर रकम रु. २८४१४७/- आन्तरिक राजस्व | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ, रू. | २८४१४७/- |

| भौ.नं./मिति | खरिद गरेको सामग्री | आपुर्तकको नाम | विल रकम रु. | मु.अ.कर रकम रु. |
|---|---|---|---|---|
| ९५-०७६/९/२९ | Website निर्माण | सरोवर टेक्नोलोजी प्र. लि. | ३३१८५८/- | ४३१४२/- |
| ९७-०७६/९/२९ | Bulk SMS System | उपसर्ग टेक्नोलोजी प्रा. लि. | ३०९५००/- | ४०२३५/- |
| १६४-०७६/९/२९ | ल्यापटप, प्रिन्टर्स लगायत | न्यू नमस्ते ट्रेडर्स | ३८९०००/- | ५०५७०/- |
| १९१-०७७/३/३१ सं.स.हस्तान्तरित चालु | सोलार सेट खरिद | विशाल कम्प्यूटर्स एण्ड ट्रेडर्स (तुल बहादुर विष्ट) | ६५००००/- | ६५०००/- |
| १७९-०७७/३/१ | सोलार सेट खरिद | भेरी राप्ती उर्जा प्रा.लि | ७०१०००/- | ८५२००/- |
| | | | जम्मा | २८४१४७/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३४. | **दोहोरो भुक्तानीः** ५१४-२०७७/३/३१ नगर सभा सञ्चालन सम्बन्धी लेखा सहायक चौथो रुपचन्द्र बुढाको रु. ६०००००/- पेश्की फछ्र्यौट गरेको फाँटवारी परीक्षण गर्दा नगरसभा संचालनमा यातायात खर्च र बैठक भत्ता वापत रु.२४७०००/- ,विषयगत समितिको वैठक भत्ता वापत रु ४३५००/- भुक्तानी भएको छ । सोही फाँटवारीमा २१ जना विषयगत समितिका सदस्यलाई भ्रमण आदेश र भ्रमण विल वेगरनै ७ दिनको दैनिक भ्रमण भत्ता वापत जनही रु. १००००/- को दरले रु. २१००००/- भुक्तानी भएको छ । सभा सञ्चालन भएको मितिको वैठक भत्ता र यातायात खर्च भुक्तानी भएको अवस्थामा भ्रमण आदेश र भ्रमण विल वेगर नै २१ जनालाई ७ दिनको दैनिक भ्रमण भत्ता वापत जनही रु. १००००/- को दरले रु. २१००००/- दोहोरो भुक्तानी भएकोले सो रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ, रू. | २१००००/- |
| ३५. | **बढी भुक्तानीः** ८-२०७६/६/१३ श्रावण,भाद्र र आश्विन को तलव भत्ता र चाडपर्व खर्च भुक्तानी गरेको फाँटवारीमा अधिकृत छैटौं हिराचन्द्र धरालालाई चाडपर्व खर्चमा रु.१५०६/- र संचयकोषमा रु. १५०६/- समेत रु. ४०१५/-, विश्वरुप बुढालाई चाडपर्व खर्चमा रु.२०७/- रमेश बहादुर रावतलाई संचयकोष रु.३३९/-, जयबहादुर बुढालाई संचय कोष रु.६००/-, का.स. धनरुपा चलाउनेलाई संचय कोष रु.५८९६/- समेत रु. ११०५७/- बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ, रू. | ११०५७/- |
| | **स्वास्थ्य चालु** | |
| ३६. | **विल भरपाईः** आर्थिक कार्यविधि नियमावली, १०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिदा रीत पुगेनपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।प्र.प्र.अ पित्री भक्त गिरीले औषधी खरिदका लागि लिएको पेश्की रु.६५००००/- फछ्यौट गर्दा ढुवानीमा रु.१७१४९६/- खर्च भएको विल भरपाई पेश भएको छ । ढुवानीमा भएका खर्चका विलहरु सामान्य भरपाई मात्र रहेको र ढुवानीको दररेट एकिन गर्ने आधार नभएकोले ढुवानी खर्चको यथार्थता एकिन गर्न सकिएन, रू. | १७१४९६/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | |
| ३७. | **वितरणमुखी खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्धेश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । तर यस नगरपालिकाले निम्नानुसारका निजी उद्योग तथा संस्थालाई उपभोक्ता समिति मानी निम्नानुसारको रकम उपलव्ध गराएको देखियो । यसरी निजी उद्योग तथा संस्थालाई बजेट उपलव्ध गराई वितरणमुखी कार्यक्रम गरेको नियमसम्मत देखिएन। यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ, रू. | ५०५००००/- |

| उद्योग तथा संस्थाको नाम | भुक्तानी भएको रकम रु. | उद्योग तथा संस्थाको नाम | भुक्तानी भएको रकम रु. |
|---|---|---|---|
| हरी काष्ठ उद्योग | ५५००००/- | हेमराज प्रतिष्ठान | ५०००००/- |
| राजीमान  कपास रुई उत्पादन उद्योग | ६५००००/- | प्रेस यूनियन | ६६००००/- |
| दुर्गा कृषि नर्सरी पशुपंक्षी जडीबुटी उद्योग | १८७००००/- | वाला सुन्दरी कला संस्कृती समाज | ८२००००/- |
| | | जम्मा | ५०५००००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३८. | **बिल बेगर भुक्तानीः** छलपतिहाल्ना देखी त्रिपुराकोट मोटर बाटो निर्माणको लागि रु.६००७९३७/९३ को लागत अनुमान तयार भई उपभोक्ता समितिलाई रु. ५९७६८८७/३४ मा कार्य सम्पन्न गर्नेगरी कार्यालयले रु. ४४९८०००/- भुक्तानी दिएको छ । उक्त निर्माण कार्यमा हेभी मेशिन प्रयोग गरेको जनाई मु.अ.कर रु.५७३१८५/-समेत भुक्तानी दिएकोमा मेशिन प्रयोग भएको मु.अ.कर विजक पेश भएको छैन । मु.अ.कर विजक वेगर मु.अ.कर भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ, रु | ५७३१८५/- |
| | **पूँजीगत खर्चतर्फः** | |
| ३९. | **कन्टिजेन्सी खर्चः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० एवं अनुसुची १ ले कन्टिन्जेन्सी खर्चको ब्यबस्था गरेको छ। साथै, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र वमोजिम आयोजनाले खर्च गर्ने ४ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले कन्टिन्जेन्सी तर्फको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी बापतको आम्दानी र वास्तविक खर्च रकम यकिन गर्न सकिएन। कार्यालयले कन्टिन्जेन्सी रकमबाट मसलन्द तथा कार्यालय सामान, भ्रमण खर्च, विविध खर्च लगायतमा रकम खर्च गर्ने गरेको छ। मन्त्रालयको परिपत्र वमोजिम कन्टिन्जेन्सी वापतको रकम खर्च गर्नुपर्दछ। साथै, कन्टिन्जेन्सी खाताको छुट्टै अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| ४०. | **डीपीआर खर्चः** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। नगरपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको डी.पी.आर. (विस्तृत सम्भाव्यता अध्ययन) कार्य परामर्शदाताबाट गराई रू.२९,७७,५५०/-भुक्तानी गरकोमा औधोगिक ग्राम, प्राविधिक शिक्षालय, कभर्ड हल र वर्थिङ सेन्टर निर्माण कार्यको | १९९४५०/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | रू.१९,९४,४५०/-भुक्तानीको अध्ययन प्रतिवेदन लेखापरीक्षणमा पेश गरेको छैन। नगरपालिकाले परामर्शदाताबाट प्रतिवेदन प्राप्त गरी पेश गर्नुपर्दछ, रू. | |

| भौ.नं./मिति | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| ३९०-२०७७/३/१६ चालु | औधोगिक ग्राम, प्राविधिक शिक्षालय, कभर्ड हल र वर्थिङ सेन्टर निर्माण | एम के कन्सल्टयान्ट एण्ड कन्स्ट्रक्सन प्रा.ली. | २०,००,०००/- | १९,९४,४५०/- |
| ४६७-२०७७/३/२८ चालु | वडा नं.१ अस्पताल निर्माण | डाईनामिक कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली. | १०,००,०००/- | ९,८३,१००/- |
| | | | जम्माः | २९,७७,५५०/- |

नगरपालिकाले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई सोझै खरिद गरी स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। नगरपालिकाले डी.पी.आर. तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरेको छैन। त्यसैगरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४१. **मू.अ.कर. फिर्ताः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधन अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न निर्माण व्यवसायीलाई निम्नानुसारको रु.६,६१,६७८/- मू.अ.कर भुक्तानी गरेकोमा सो को ५० प्रतिशतले हुने रु.३,३०,८३९/- कट्टा गरी भुक्तानी गरेको नदेखिएकोले नियमको पालना गरेको नदेखिएको, रु. — ३३०८३९/-

| सि.नं. | भौ.नं./मिति | फर्मको नाम | विजक रकम | मू.अ.कर | ५०% मू.अ.कर |
|---|---|---|---|---|---|
| १. | १०७-०७७/१/१६ | अरूण निर्माण सेवा, स्वा.चौ.भवन निर्माण वडा नं. २ | ३२७१२४०/- | ४२५२६२/- | २१२६३१/- |
| २. | १२३-०७७/१/३१ | विशाल निर्माण सेवा, स्वा.चौ.भवन निर्माण वडा नं. ५ | १८१८५९२/- | २३६४१६/- | ११८२०८/- |
| | | | जम्मा | ६६१६७८/- | ३३०८३९/- |

४२. **प्रमाणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च लेख्दा बिल भरपाई सहित स्रेस्ता राख्नुपर्ने उल्लेख छ। नगरपालिकाले यो वर्ष सशर्त अनुदानको भौ.नं. ११३ बाट मिति २०७७/३/३० मा वडा नं.११ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि कृष्ण निर्माण एण्ड ढुवानी सेवा, डोल्पालाई रू.७,५०,०००/-पेश्की फछ्यौट समेत रू.२२,०१,१९४/-भुक्तानी गरेकोमा पेश्की फछ्यौट रकमलाई बैङ्क नगदी किताबमा विविधतर्फ डेबिट जनाई पुनः खर्च लेखेको छ। पेश्की फछ्यौंट गरेको रकम पुनः खर्च मान्न नमिल्ने भएकोले नगरपालिकाले विविधमा डेबिट गरेको उक्त खर्च रकमको प्रयोजन यकिन गर्नुपर्दछ, रू. — ७५००००/-

४२.१. नगरपालिकाले सशर्त अनुदान कृषि तर्फको पूँजीगत शीर्षकबाट तरकारी बिउ तथा निलोतुथो, कृषि चुना खरिद तथा वितरण कार्यको लागि कृषि शाखा प्रमुख रमेश — ५७४०००/-

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | बहादुर रावतको निम्नानुसारको रू.५,७४,०००/-पेश्की फछ्यौट गरेकोमा खरिद भएका सामाग्री सम्बन्धित कृषकलाई वितरण नगरी नगरपालिका अन्तर्गतका ११ वडाका वडा अध्यक्षलाई भरपाई गरी बुझाएको देखिएकोले वडा अध्यक्षले उल्लेखित बिउ विजन तथा कृषि सामग्री सम्बन्धित वडाका कृषकहरूलाई वितरण गरेको भरपाई पेश गर्नुपर्दछ, रू. | |

| सि.नं. | भौ.नं./मिति | विवरण | वितरण गर्नुपर्ने | बुझाएको भरपाई | पेश्की फछ्यौट रकम |
|---|---|---|---|---|---|
| १ | ७-०७६/११/२९ | तरकारी बिउँ खरिद | ११ वडाका कृषकहरू | ११ वडाका वडाअध्यक्ष | ४,००,०००/- |
| २ | ७-०७६/११/२९ | निलोतुथो तथा कृषि चुना खरिद | ११ वडाका कृषकहरू | ११ वडाका वडाअध्यक्ष | १,७४,०००/- |
| | | **जम्मा** | | | **५,७४,०००/-** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४३. | **गत वर्षको योजनामा भुक्तानीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। नगरपालिकाले वर्षान्तसम्म भएको कार्यको भुक्तानी दिन बाँकी रहेमा वा गत वर्ष सम्पन्न नभई बाँकी रहेका योजनामा चालु वर्षमा बजेट खर्च गर्नुपर्ने भएमा सो समेत समावेश गरी भुक्तानी दिन बाँकिको विवरण तयार गरी सभाबाट स्वीकृत गराएर मात्र चालु आर्थिक वर्षमा भूक्तानी गर्नुपर्दछ। नगरपालिकाले यो वर्ष गत आर्थिक वर्षमा सम्झौता भई सम्पन्न भएका वा क्रमागत रहेका निम्नानुसारका योजनामा रू.८३,८९,३३८/-भुक्तानी गरेकोमा उक्त भुक्तानी सभाबाट स्वीकृत गराएको देखिएन। साथै अधिकांश योजनामा नगर उपप्रमुखबाट अनुगमन समेत भएको नदेखिएकोले नगरपालिकाले सम्पन्न योजना अनुगमन गरी खर्च रकम नगरसभाबाट अनुमोदन गराई नियमित गर्नुपर्दछ, रू. | ८३८९३३८/- |

| सि.नं. | भौ.नं./मिति | योजनाको नाम | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ५-०७६/७/२९ | कुनेउटा-खेपुजिउला सिंचाई कुलो निर्माण | उपभोक्ता समिति | ६,००,०००/- |
| २ | ४७-०७६/८/२८ | फर्निचर तथा फिक्चर्स (जिन्सी दाखिला समेत नभएको) | धौलागिरी आ.वि. वडा नं.८ | ५०,०००/- |
| ३ | ७७-०७६/८/१६ | रसिगाउँ गुम्बा हुँदै बयलडाँड खानेपानी निर्माण | उपभोक्ता समिति | ८,५५,००१/- |
| ४ | ७९-०७६/८/१६ | गाबो खोला देखि गाउँसम्म ढुङ्गा विच्छ्याउने कार्य | उपभोक्ता समिति | ६,००,१००/- |
| ५ | ८०-०७६/८/१६ | प्रकाश आ.वि. घेराबार निर्माण | उपभोक्ता समिति | ३,८४,७५०/- |
| ६ | ८१-०७६/११/१९ | महादेव मन्दिर घेराबार निर्माण | उपभोक्ता समिति | १०,००,०००/- |
| ७ | ८४-०७६/९/२९ | घ्याङबारी तटबन्धन निर्माण | उपभोक्ता समिति | १,५०,०००/- |
| ८ | ९७-०७६/१२/२३ | लघु काष्ठ उद्योग भवन निर्माण | उपभोक्ता समिति | ४,६०,०००/- |
| ९ | १४७-०७७/३/३१ | मुहुँ हम बलेग्रा मोटरबाटो निर्माण | उपभोक्ता समिति | ६,००,१००/- |
| १० | २२०-०७७/३/३० | वडा कार्यालय विद्युत तथा खानेपानी निर्माण, वडा नं.११ | उपभोक्ता समिति | ३,४२,०००/- |
| ११ | ७/३/३१ | दोराखोला-फुल्चिङ गाउँसम्म मोटर बाटो निर्माण, वडा नं. ६ | उपभोक्ता समिति | २४,८७,६४८/- |
| १२ | /८/२९ | तालिफोई पकेट क्षेत्र अंगुर खेती | उपभोक्ता समिति | ३,७३,७३९/- |
| १३ | /८/२४ | भेडिकन खानेपानी निर्माण, वडा नं. ३ सुँ | उपभोक्ता समिति | ४,८६,०००/- |
| | | **जम्मा** | | **८३,८९,३३८/-** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४४. | **स्वीकृत कार्यक्रम बेगर खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने उल्लेख छ। नगरपालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत सम्पन्न गरेको निम्नानुसारको कार्य नगरसभाबाट स्वीकृत कार्यक्रममा समावेश नरहेको | ११२५०००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | पाइयो। स्वीकृत कार्यक्रम भन्दा बेगरको कार्यक्रममा खर्च गर्ने प्रवृत्तीमा नियन्त्रण हुनुपर्दछ। नगरसभाको स्वीकृत कार्यक्रम बेगरको कार्यमा खर्च गरेको रकम सभाबाट अनुमोदन गरी नियमित गर्नुपर्ने, रु. | |

| सि.नं. | भौ.नं./मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४-०७६/७/७ | फलफुल बगैंचा व्यवस्थापन तथा घेराबार, वडा नं.१ | १,५०,०००/- |
| २ | १०-०७६/८/११ | गल्लगाड काठेपुल निर्माण, वडा नं. १ | १,००,०००/- |
| ३ | १६२-०७७/३/१६ | खोलाघारी काठेपुल निर्माण, वडा नं. ८ | १,००,०००/- |
| ४ | २१५-०७७/३/३० | उखेडा मष्टा मन्दिर निर्माण, वडा नं. १ | २,००,०००/- |
| ५ | २३०-०७७/३/३१ | घोडाखोर खानेपानी निर्माण, वडा नं. ११ | १,७५,०००/- |
| ६ | २०१-०७७/३/२८ | नौलखा मन्दिर निर्माण, वडा नं. ४ | ४,००,०००/- |
| | | **जम्मा** | **११,२५,०००/-** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४४.१. | १३३-२०७७/२/३२ नगरपालिकाले वडा नं.१०-११ हुँदै बलेग्रा लेखसम्म घोरेटो बाटो निर्माण तथा मर्मत कार्यको लागि उपभोक्ता समितिले रू.१,९१,१७२/-व्यहोर्ने गरी रू.६,९१,१७२/-मा उपभोक्ता समितिसँग सम्झौता गरी प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा नगरपालिकाले व्यहोर्ने रू.५,००,०००/-भुक्तानी गरेकोमा उक्त योजना नगरसभाबाट स्वीकृत कार्यक्रममा समावेश नरहेको पाइयो। त्यसैगरी सो स्थानमा यो वर्ष पूर्वाधार विकास कार्यालय, डोल्पाले समेत मोटरेबल बाटो निर्माण गरेको पाइयो। मोटरेबल बाटो बनिसकेको सो स्थानमा उपभोक्ता समितिले गरेको कार्य यकिन गर्न सक्ने अवस्था छैन। यस सम्बन्धमा उपभोक्ता समितिबाट सो स्थानमा पहिला घोरेटो बाटो निर्माण गरेको र त्यस पश्चात सोही बाटो हुदैं पूर्वाधार विकास कार्यालयले समेत मोटरेबल बाटो बनाएकोले हाल उपभोक्ताको कार्य नदेखिएको कार्यालयले जनाएतापनि उक्त योजना सभाबाट स्वीकृत कार्यक्रममा समेत समावेश नरहेकोले उपभोक्ता समितिको कार्यमा आश्वस्त हुन सक्ने स्थिति देखिएन। नगरपालिकाले यस सम्बन्धमा छानबिन गरी वास्तविकता यकिन गर्नुपर्दछ, रू. | ५०००००/- |
| ४५. | **आनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको निम्नानुसारको कार्यमा शुरू सम्झौता भन्दा घटी कार्यसम्पन्न गरेकोमा नियमानुसार आनुपातिक कट्टी नगरी भुक्तानी गर्दा बढी भुक्तानी गरेको रू.८,३६,३६४/-उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्दछ, रू. | ८३६३६४/- |

| सि.नं. | भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | न.पा. योगदान | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी गरेको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| **समानिकरण पूँजीगतः** | | | | | | | | |
| १ | ५-०७६/७/२९ | कुनेउटा-खोपु जिउला सिंचाई कुलो निर्माण | ११३६९८८/- | ६०००००/- | १०९०५५५/- | ५७५४८६/- | ६०००००/- | २४५१४/- |
| २ | ७७-०७६/८/१६ | रसिगाउँ गुम्बा-बयलडाँडा खानेपानी निर्माण | ११५८३६५/- | ९०००००/- | १०९०३९३/- | ८४७२३५/- | ९०००००/- | ५२७६५/- |
| ३ | ८३-०७६/८/२९ | तलिफोई पकेट क्षेत्र अंगुर खेती | २०४८४३३/- | १६०००००/- | १९३८३८६/- | १५१४०७३/- | १६०००००/- | ८५९२६/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ८६-०७६/८/२४ | मेडिकन खानेपानी वडा नं.३ सुँ | १३५२०६१/- | १००००००/- | ११८०७०१/- | ८७३७१९/- | १००००००/- | १२६२८१/- |
| ५ | ९७-०७६/१२/२३ | लघु काष्ठ उद्योग भवन निर्माण | ६३६३५४/- | ४६००००/- | ५२६२९६/- | ३८०४५९/- | ४६००००/- | ७९५४१/- |
| ६ | १२८-०७७/२/१३ | पोरी धाराबाट चौतारी हुँदै मोटर बाटोसम्म घेराबार | ७७५३८२/- | ६०००००/- | ६६१४५८/- | ५११८३६/- | ६०००००/- | ८८१६४/- |
| ७ | १४९-०७७/३/१४ | मढ्ढु खोला सिंचाई मर्मत/निर्माण | २१६४७८३/- | १७०००००/- | २०४०४४७/- | १६०२३६३/- | १७०००००/- | ९७६३७/- |
| ८ | १७४-०७७/३/२१ | पनेरा खानेपानी ईन्टेक मर्मत | २४११५६/- | २०००००/- | २१८१७१/- | १८०९२९/- | २०००००/- | १९०७१/- |
| ९ | २०५-०७७/३/३० | दागिना गाउँ एक घर एक खानेपानी योजना, वडा नं. ८ | ७७६६८८/- | ५०००००/- | ६२७१८९/- | ४०७६७३/- | ५०००००/- | ९२३२७/- |
| १० | २०७-०७६/३/३० | देवकोटा कल्सी-पल्लो पनेरा सिंचाई निर्माण, वडा नं. ११ | ३५६६७६/- | २५००००/- | ३३३३१७/- | २३३६२२/- | २५००००/- | १६३७८/- |
| सशर्त पूँजीगत (संघीय सरकारबाट हस्तान्तरीत) | | | | | | | | |
| ११ | ४६-०७७/३/१७ | श्री महाकवि देवकोटा आ.वि. | २०४१११/- | १५००००/- | १८५९९९/- | १३६६९०/- | १५००००/- | १३३१०/- |
| १२ | ७७-०७७/३/२५ | सेपी धारा देखि गाउँसम्म मोटर बाटो निर्माण | १२०६४४९/- | ११०००००/- | १०५२३६९/- | ९५९५५०/- | ११०००००/- | १४०४५०/- |
| | | जम्मा | | | | | | ८३६३६४/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४६. | **उपभोक्ता समितिको भुक्तानीः** कार्यालयले उपभोक्ता समितिमार्फत सम्पन्न हुने कार्यको भुक्तानी गर्दा उपभोक्ता समितिको नाममा रहेको समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालित बैंङ्क खातामा रकम पठाउनु पर्दछ। नगरपालिकाले यो वर्ष निम्नानुसारको कार्य उपभोक्ता समितिबाट सम्पन्न गरेकोमा सोको भुक्तानी गर्दा उपभोक्ता समितिको खातामा रकम नपठाई उपभोक्ता समितिको अध्यक्षको व्यक्तिगत बैङ्क खातामा रकम पठाएको देखियो। सार्वजनिक कार्यको भुक्तानी गर्दा व्यक्तिको खातामा रकम पठाएको नियमसम्मत देखिएन। उक्त रकम सम्बन्धित उपभोक्ता समितिको वैठकबाट अनुमोदन गरेको प्रमाण पेश गर्नुपर्दछ, रू. | ८३४११३/- |

| भौ.नं./मिति | कार्य/उपभोक्ता समिति | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|
| १०-०७६/८/११ | गल्लगाड काठेपुल निर्माण उ.स. | उ.स. अध्यक्ष चन्द्रविर सार्की | ९३,८९१/- |
| ८-०७६/८/११ | फोई तुईन निर्माण तथा मर्मत उ.स. (गत वर्षको भुक्तानी) | उ.स. अध्यक्ष विष्णु बहादुर बुढा | ४६,७७१/- |
| १४८-०७७/३/१२ | शेर गाउँ घट्ट निर्माण उ.स. वडा नं. ८ | उ.स. अध्यक्ष मनकन्न कटुवाल | ९३,९५१/- |
| ५-०७७/३/२४ स्वास्थ्य | करेली डाँडा खानेपानी मर्मत **(कागजात समेत पेश नभएको)** | लक्ष्मी प्रसाद बोहोरा | ९९,५००/- |
| १७६-०७७/३/३१ | त्रिपुरासुन्दरी मन्दिरमा सोलार जडान कार्य | तुल बहादुर विष्ट | ५,००,०००/- |
| | **जम्मा** | | ८,३४,११३/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४७. | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँध्नुपर्ने उल्लेख छ। नगरपालिकाले यो वर्ष खरिद गरेको निम्नानुसारका जिन्सी मालसामान लेखापरीक्षण अवधीसम्म पनि जिन्सी खातामा आम्दानी बाँधेको नदेखिएकोले | १४६६४८७/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | नियमावलीमा भएको व्यवस्था अनुरुप अबिलम्ब जिन्सी आम्दानी बाँध्नुपर्ने देखिएको, रू. | |

| सि.नं. | भौ.नं./मिति | खरिद गर्ने/आपूर्तक | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५६-०७६/९/१ | श्री पृथ्वी नारायण आ.वि. वडा नं. ६ | टेबल, कुर्सी, दराज लगायत | १,००,०००/- | विद्यालयमा दाखिला गर्नुपर्ने |
| २ | ९१-०७६/१२/४ | श्री फोक्सुण्डो आ.वि. वडा नं. ५,६ | टेबल, कुर्सी, दराज लगायत | ५०,०००/- | विद्यालयमा दाखिला गर्नुपर्ने |
| ३ | २०४-०७७/३/२९ | श्री मुकुटेश्वर मा.वि. वडा नं. ६ | डेक्स, बेन्च, कुर्सी, कार्पेट | ३,००,०००/- | विद्यालयमा दाखिला गर्नुपर्ने |
| ४ | १०२-०७६/१०/१ | स.म.बि.नि. शान्ती महतारा | डेल ल्यापटप, ब्रदर प्रिन्टर | ८९,०००/- | |
| ५ | १३८-०७७/३/७ | हरिचन्द्र बिष्ट | डेल ल्यापटप २ थान, प्रिन्टर | २,३७,२५०/- | |
| ६ | १४४-०७७/३/११ | चन्द्र बहादुर बोहोरा | टेबल ५ थान, खाट १ थान | ४२,५००/- | |
| ७ | १९५-०७६/९/२९ | आर.बि.स्टेशनरी इण्ड सप्लायर्स | कार्यालय सामान | ३,३४,२५०/- | |
| ८ | १९१-०७७/३/१६ | जनप्रिय आ.वि. फर्निचर व्यवस्थापन | डेक्स, बेन्च लगायत | ३,१३,४८७/- | परिमाण समेत नखुलेको |
| जम्मा | | | | १४,६६,४८७/- | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४८. | **बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा रकम खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले यो वर्ष विभिन्न निर्माण कार्य तथा अन्य खरिदमा आपूर्तकले पेश गरेको विजक तथा सम्झौतामा उल्लेख भएको रकम भन्दा बढी भुक्तानी गरेको निम्नानुसारको रू.७,०७,९३८/- सम्बन्धितबाट असूल गरी समानिकरण अनुदानको रकम नगरपालिका संचित कोषमा तथा सशर्त अनुदानको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ, रू. | ७०७९३८/- |

| सि.नं. | भौ.नं./मिति | कामको विवरण | आपूर्तक/भुक्तानी लिने | भुक्तानी गर्नुपर्ने/विजक पेश | भुक्तानी गरेको | बढी भुक्तानी | खर्च शीर्षक |
|---|---|---|---|---|---|---|---|
| १ | १०७-०७७/१/१६ | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. २ | अरूण निर्माण सेवा | ३६९६५०१/- | ४२२९०००/- | ५३२४९९/- | सशर्त अनुदान पूँजीगत |
| २ | ११३-०७७/३/३० | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ११ | कृष्ण निर्माण एण्ड ढुवानी सेवा | २१३२१५५/- | २२०११९४/- | ६९०३९/- | सशर्त अनुदान पूँजीगत |
| ३ | २-०७६/८/१३ | सर्भे सामान खरिद | लक्ष्मी स्टेशनरी एण्ड सप्लायर्स | ३१३५०/- | ७५०००/- | ४३६५०/- | सशर्त अनुदान पूँजीगत |
| ४ | ११०-०७७/३/३१ | विविध खर्च | विर बहादुर बुढा | ११५००/- | १६०००/- | ४५००/- | सशर्त अनुदान पूँजीगत |
| ५ | १९५-०७६/९/२९ | कार्यालय सामान खरिद | आर.बि. स्टेशनरी एण्ड सप्लायर्स | ३३४२५०/- | ४९२५००/- | ५८२५०/- | न.पा. पूँजीगत |
| | | | | | जम्मा | ७,०७,९३८/- | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४८.१. | नगरपालिकाले भौ.नं.१२६ बाट मिति २०७७/२/६ मा वडा नं.५ मा कुच्ची देखि छेप्के सम्म मोटरबाटो मर्मत कार्यको लागि जंगबहादुर रोकायाको निवेदन वमोजिम लागत अनुमान तथा प्राविधिक नापी अनुसार निजलाई रू.६८,५९०/-भूक्तानी गर्नुपर्नेमा एकै स्थानको एउटै लागत अनुमानमा एकै व्यक्तिको दुई वटा निवेदन संलग्न गरी जंगबहादुर रोकायालाई कर कट्टी गरी रू.७१,४७८/-तथा बिरचन्द्र डाँगीलाई कर कट्टी गरी रू.६७,४६२/-समेत रू.१,३८,९४०/-भूक्तानी गरेको देखियो। एउटै स्थानको एउटै कार्यको लागि एउटै निवेदन, लागत अनुमान तथा प्रविधिक नापीबाट दुई पटक भुक्तानी गर्दा दोहोरो भुक्तानी भएको रू.६९,९९०/-निवेदन पेश नगर्ने बिरचन्द्र डाँगीबाट असूल गर्नुपर्दछ, रू. | ६९९९०/- |
| ४८.२. | नगरपालिकाले यो वर्ष सशर्त अनुदानतर्फको कार्यक्रम वडा नं. ८ र ९ मा स्वास्थ्य | ७१३८७५/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | चौकी भवन निर्माण कार्यको लागि कृष्ण निर्माण सेवा एण्ड सप्लायर्सलाई निजले पेश गरेको बिजक भन्दा बढी भुक्तानी गरेको रू.७,१३,८७५/-निर्माण व्यवसायीले फिर्ता गरी मिति २०७७/४/१४ मा नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको देखिएकोले सशर्त अनुदानको उक्त रकम नगरपालिकाले संघीय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्दछ, रू. | |
| ४८.३. | नगरपालिकाले चालु खर्च शीर्षकको भौ.नं.१४९-२०७६/८/३० बाट आधारभुत तालिम सञ्चालनको रू.१,८०,०००/-, भौ.नं.२१५-२०७७/१/१७ बाट महिला पुरूष समविकास तालिम सञ्चालनको रू.३५,०००/-तथा भौ.नं.२१७-२०७७/१/१७ बाट बिद्यालय स्तरीय बाल क्लब गठन कार्यको रू.४०,०००/-समेत रू.२,५५,०००/-शान्ती महताराको नाममा रहेको पेश्की फछ्र्यौट गरेकोमा सो सँग सम्बन्धित स्रेस्ता परीक्षण गर्दा रू.१,७५,०००/-बराबरको मात्र बिल, भरपाई, प्रमाण, कागजात पेश गरेको देखिएकोले बिल, भरपाई पेश हुन बाँकी रकमको सक्कल तथा प्रमाणित बिल भरपाई पेश गर्नुपर्ने, अन्यथा उक्त रकम असूल गर्नुपर्दछ, रू. | ८००००/- |
| ४९. | **निर्माण कार्यको विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू.१० लाख भन्दा माथिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायतको विमा गराउनुपर्ने उल्लेख छ। नगरपालिकाले यो वर्ष विभिन्न निर्माण व्यवसायीसँग निम्नानुसारको कार्य गर्नको लागि सम्झौता गरेको तथा कार्यसम्पन्न समेत गरेकोमा निर्माण व्यवसायीले निर्माण कार्यको विमा गराएको देखिएन। नियमावलीमा भएको व्यवस्था वमोजिम निर्माण कार्यको अनिवार्य विमा गर्ने व्यवस्था हुनुपर्दछ। | |

| सि.नं. | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | कबोल अङ्क | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | निलपहिरा-तामेगाड-छल मोटर बाटो निर्माण | करिश्मा निर्माण सेवा | ९८८४९८६/- | २६७८९२१/- | २०७६/३/२७ |
| २ | स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ४ | सपना निर्माण सेवा | ३८८७०६९/- | ३८८५५६०/- | २०७६/३/२७ |
| ३ | स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. २ | अरूण निर्माण सेवा | ३७२२९८९/- | ३७०८३४९/- | २०७६/३/२७ |
| ४ | स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ८ | कृष्ण निर्माण सेवा | ३८८७७३०/- | २१०४०७६/- | २०७६/३/२७ |
| ५ | स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ९ | कृष्ण निर्माण सेवा | ३८८७३२४/- | २१३७४४१/- | २०७६/३/२७ |
| ६ | स्वास्थ्य चौकी भवन निर्माण, वडा नं. ५ | विशाल निर्माण सेवा | ३८८७३२४/- | २१६७३१९/- | २०७६/३/२७ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ५०. | **दर रेट फरकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत संचालित निम्नानुसारको योजनामा लागत अनुमानमा स्वीकृत दर भन्दा बढी दरको प्रयोग गरी सोही अनुसारको दरमा भुक्तानी गर्दा रू.४२,५६५/- बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ, रू. | ४२५६५/- |

| सि.नं. | भौ.नं./मिति | योजनाको नाम/उ.स. | भुक्तानी रकम | कामको विवरण | परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११०-०७६/९/२९ | रूमकिरदेऊ देखि फुलारा ढुस्कासम्म मोटर बाटो निर्माण उ.स. वडा नं.२ | ८०००००/- | **Soft Soil Cutting by Excavator** | **2114 m3** | १४०/- | १४२/४७ | ५,२२२/- |
| | | | | **Hard Soil Cutting by Excavator** | **2706 m3** | १६५/- | १७८/८० | ३७,३४३/- |
| | | **जम्मा** | | | | | | ४२,५६५। |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ५१. | **मोटरबाटो निर्माणः** नगरपालिकाले सुपानी देखि सुँ र जिउ जोड्ने मोटरबाटो निर्माण | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | कार्यको लागि नगरपालिकाले रू.२०,००,०००/-तथा उपभोक्ता समितिले व्यहोर्ने रू.४,०७,२२४/-समेत रू.२४,०७,२२४/-मा २०७६/९/२५ भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग २०७६/८/१६ मा सम्झौता गरेको देखियो। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छनः | |
| ५१.१. | उपभोक्ता समितिले पेश गरेको प्रथम रनिङ्ग बिल तथा प्राविधिक नापी अनुसार नगरपालिकाले भौ.नं.१३५ बाट मिति २०७७/३/१ मा उपभोक्ता समितिलाई रू.१२,३१,४८२/-भुक्तानी गरेकोमा उपभोक्ता समितिले सबै कार्य डोजर प्रयोग गरी सम्पन्न गरेको तथा नगरपालिकाले समेत डोजर कै दर राखी भुक्तानी गरेकोमा उपभोक्ता समितिले डोजरको बिल पेश गरेको देखिएन। नगरपालिकाले भुक्तानीको टिप्पणी उठाउँदा डोजर भाडाको कर वापत १० प्रतिशतले हुने रू.१,२३,१४८/-कट्टी गरी भूक्तानी गर्ने उल्लेख गरेतापनि सो रकम कट्टी गरी भूक्तानी गरेको नदेखिएकोले डोजर भाडाको कर वापतको रकम असूल गरी दाखिला गर्नुपर्दछ, रू. | १२३१४८/- |
| ५१.२. | नगरपालिका र उपभोक्ता समिति बिच २०७६/९/२५ भित्रमा मोटरबाटो निर्माण कार्य सक्ने गरी २०७६/८/१६ मा सम्झौता भएकोमा उपभोक्ता समितिले सम्झौता अबधिको ५ महिना पछि प्रथम रनिङ्ग बिल मात्र भुक्तानी लगेको छ भने लेखापरीक्षणको अबधि २०७८ बैशाख सम्म पनि बाँकी कार्य सम्पन्न नभई अलपत्र अवस्थामा रहेको छ। उपभोक्ता समितिसँग सम्झौता भएको १७ महिना सम्म पनि कार्य सम्पन्न हुन नसकेको सम्बन्धमा नगरपालिकाले कारण स्पष्ट गरेको छैन। यस सम्बन्धमा नगरपालिकाले सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाई निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। अन्यथा उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी प्रथम रनिङ्ग बिलको भुक्तानी रकममा उपभोक्ताको योगदान गणना गरी असूल गर्नुपर्दछ। | |
| ५२. | **खेल मैदान निर्माणः** नगरपालिकाले सशर्त अनुदानको संघीय सरकारबाट हस्तान्तरित स्थानीय तहमा खेलग्राम निर्माण कार्यक्रम अन्तर्गत यो वर्ष नगरपालिका क्षेत्रमा खेलकुद मैदान निर्माण कार्यको लागि नगर खेलकुद विकास समितिसँग नगरपालिकाले रू. ७१,४२,८५७/- तथा समितिले व्यहोर्ने रू.१८,५३,२९०/- समेत रू. ८९,९६,१४७/- मा २०७७/३/१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी २०७७/२/२५ मा सम्झौता गरेकोमा समितिले यो वर्ष रू.६१,३३,०२६/-बराबरको मात्र कार्यसम्पन्न गरी प्रथम रनिङ्ग बिल पेश गरे अनुसार नगरपालिकाले रू.५०,००,०००/-भूक्तानी गरेकोमा लेखापरीक्षण अबधि २०७८ बैशाखसम्म पनि थप कार्य सम्पन्न भएको देखिएन। उपभोक्ता समितिले सम्झौता अबधि समाप्त भएको १० महिना सम्म पनि थप कार्य अगाडी नबढाएको सम्बन्धमा स्थानीय स्तरमा विवाद भई निर्माण कार्यमा ढिलाई भएको नगरपालिकाले जनाएको छ। लेखापरीक्षणको क्रममा निर्माणाधिन खेलमैदानको स्थलगत निरीक्षण गर्दा खेल मैदान ठूली भेरी नदीको किनारमा अवस्थित रहेको र यो वर्ष नदी किनारमा ग्याबिन लगाउने, मैदान सम्याउने लगायतको कार्य भएको देखिन्छ। निर्माणाधिन खेल मैदान नदी किनारामा अवस्थित रहेकोले नदीमा बाढी आउँदा खेल मैदानमा क्षति पुग्ने उच्च जोखिम समेत रहेको देखिन्छ। नगरपालिकाले खेल मैदान निर्माणको लागि डी.पी.आर, शुरू लागत अनुमान, वातावरणीय प्रभाव मूल्याङ्कन तथा भौगोलिक अवस्था समेत मापन नगरी नदी किनारमा निर्माण कार्य | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | अगाडि बढाउँदा निर्माणाधिन खेल मैदान माथिको लागानी नै जोखिममा रहेको छ। नगरपालिकाले लगानी खेर जान नदिने सम्बन्धमा ध्यान दिनुपर्दछ। | |
| ५३. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष सशर्त अनुदान अन्तर्गतको सुचिकृत बेरोजगारका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना कार्यक्रम अन्तर्गत निम्नानुसारको योजना सञ्चालन गरी निम्नानुसारका उपभोक्ता समितिलाई रू.४२,२९,७४४/- भूक्तानी गरेको छ। नगरपालिकाले बेरोजगार युवाहरूलाई रोजगारी प्रदान गरी आयआर्जन वृद्धी गर्ने उद्देश्य राखी कार्यक्रम सञ्चालन गरेकोमा सम्बन्धीत बेरोजगारको खातामा रकम नपठाएर उपभोक्ता समितिको नाममा रकम पठाउँदा उक्त खर्चवाट लक्षित वर्गमा रोजगारी सृजना भए नभएको, कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएनभएको यकिन गर्न सकिएन। उद्देश्य अनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्दछ। | |

| सि.नं. | भौ.नं./मिति | योजनाको नाम/उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४४-०७७/३/१ | सामुदायिक बन संरक्षण तथा भू-क्षय नियन्त्रण तथा चौतारी निर्माण उ.स. | ३,००,०००/- |
| २ | ५२-०७७/३/१४ | पालाङ देखि हरियापानी सम्म मोटरबाटो निर्माण उ.स. | १,४४,६५३/- |
| ३ | ५४-०७७/३/१५ | रोरूङ्ग देखि पुनेरीमाला पदमार्ग निर्माण उ.स. | १,६५,५२५/- |
| ४ | ६०-०७७/३/२१ | रूम-तिप्ला बैनी-दुनै मूलबाटो जोड्ने पैदल बाटो निर्माण उ.स. | २,२३,००७/- |
| ५ | ६१-०७७/३/२१ | गाउँ-कुण्टेडाँडा-सेताचना पैदल बाटो निर्माण उ.स. | ८१,०६८/- |
| ६ | ६४-०७७/३/२२ | चुँ गाउँ बाट पैट सम्म पर्यटन पदमार्ग निर्माण उ.स. | ४,०९,५४७/- |
| ७ | ६५-०७७/३/२२ | रसि गाउँ देखि लेख सम्म पैदल बाटो निर्माण उ.स. | २,२२,८५३/- |
| ८ | ७०-०७७/३/२३ | हिराघाट देखि खतिवाड सम्म पैदल बाटो मर्मत तथा निर्माण उ.स. | ३,०६,९००/- |
| ९ | ८२-०७७/३/२८ | सामुदायिक बन संरक्षण तथा भू-क्षय नियन्त्रण योजना उ.स. | ३,१०,०००/- |
| १० | ९४-०७७/३/३० | डिला देखि मेलिम सम्म पदमार्ग निर्माण उ.स. | १,४७,०१५/- |
| ११ | ९६-०७७/३/३० | खाली बन वृक्षारोपण उ.स. वडा नं. ८ | ४,१४,५४०/- |
| १२ | ९७-०७७/३/३० | कान्जिरूवा आधारभूत विद्यालय कम्पाउण्ड पर्खाल निर्माण उ.स. वडा नं. १० | २,९७,०००/- |
| १३ | ९९-०७७/३/३० | विभिन्न ३ वटा आ.वि. को ग्राउण्ड तथा पर्खाल निर्माण उ.स. वडा नं. ११ | ५,०४,७३६/- |
| १४ | १००-०७७/३/३० | माझखर्क-सुकिलाफोई सम्म घोरेटो बाटो निर्माण उ.स. वडा नं.३ | १,४८,५००/- |
| १५ | ९८-०७७/३/३० | १ नं. वडा प्रधान्मन्त्री रोजगार कार्यक्रम सञ्चालन उ.स. | ५,५४,४००/- |
| | | **जम्मा** | ४२,२९,७४४/- |

| | | |
|---|---|---|
| ५३.१. | ९९-२०७७/३/३० नगरपालिकाले वडा नं. ११ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम ३ वटा आधारभुत विद्यालयको ग्राउण्ड तथा पर्खाल निर्माण उपभोक्ता समितिलाई वडाको विभिन्न स्थानमा पर्ने विद्यालयमा कार्य गरेको भनि निवेदन पेश गरेको आधारमा रू.५,०४,७३६/-भुक्तानी गरेकोमा उपभोक्ता समितिले गरेको कामको विवरण र स्थान स्पष्ट हुने कागजात पेश गरेको देखिएन। उपभोक्ता समितिले वडा अन्तर्गतका कुन विद्यालयमा के कार्य सम्पन्न गरेको भन्ने समेत यकिन नगरी रकम भुक्तानी गरेको नियमसम्मत देखिएन, रू. | ५०४७३६/- |
| ५४. | **सडक मर्मत कार्यः** नगरपालिकाले **सशर्त अनुदान** अन्तर्गत त्रिपुराकोट-रूम-सुलिगाड- | २३०२००/- |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
| --- | --- | --- |
| | साङ्टा सडक मर्मत कार्यको लागि उपभोक्ता समितिलाई भौ.नं.७३ बाट मिति २०७७/३/२४ मा सम्झौता अनुसार औजार खरिद वापत रू.२,३०,२००/-, विबिध खर्च रू.५३,३६०/-तथा डोरहाजिरी र अन्य खर्च रू.१७,८८,२४०/-समेत रू.२०,७१,८००/-भुक्तानी गरेकोमा पुनः भौ.नं.११९ मिति २०७७/३/१९ मा जे.बि.जि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.बाट यस योजनाको लागि चाहिने निर्माण औजार खरिदको बिजक राखी रू.२,३०,२००/-पुनः खर्च लेखेको देखियो। उपभोक्तासँगको सम्झौता अनुसार सडक मर्मतको लागि चाहिने औजार खरिदको विजक वमोजिमको रकम बाहेक उपभोक्ता समितिलाई बढी खर्च लेखेको रू.२,३०,२००/-उपभोक्ता समितिबाट असूल गरी संघीय संचितकोष दाखिला गर्नुपर्दछ, रू. | |
| ५५. | **भ्रमण बिलः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएमा निजबाट त्यस्तो रकम असूल गरी निजलाई कारवाही समेत गरिने उल्लेख छ। नगरपालिकाले **सशर्त अनुदान शिक्षा चालु** तर्फको भौ.नं.६१ बाट मिति २०७६/१२/२३ मा अ.हे.व. रमेश के.सी.लाई २०७६/१०/१ देखि ७ सम्म औषधि खरिद गर्न नेपालगञ्ज गएको भनि जुफाल-नेपालगञ्ज (२०७६/१०/१) रू.५,११०/-, नेपालगञ्ज-जुफाल (२०७६/१०/७) रू.५,३००/-हवाई भाडा तथा दैनिक भ्रमण भत्ता रू.८,३९०/-समेत रू.१८,८००/-तथा भौ.नं.६० बाट मिति २०७६/१२/२३ मा औषधि ढुवानी भनि औषधिको विवरण तथा खरिद बिल समेत संलग्न नगरी रू.३५,०५३/-समेत रू.५३,८५३/-भुक्तानी गरेकोमा निजले पेश गरेको हवाई टिकट नक्कली रहेको तथा निज सो समयमा कार्यालय मै रहेको देखिएकोले निजलाई भुक्तानी गरेको रकम असूल गरी संघीय संचित कोषमा बेरूजू दाखिला गर्नुपर्दछ, रू. | ५३८५३/- |
| ५६. | **कम्प्यूटर तालिमः** नगरपालिकाले **सशर्त अनुदान शिक्षा चालुतर्फको** भौ.नं.२१ बाट मिति २०७७/३/२३ मा आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकहरूको लागि कम्प्यूटर तालिम सञ्चालन कार्यको लागि भिम बहादुर धरालाको नाममा रहेको पेश्की रू.५,००,०००/-फछ्यौट गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छनः | |
| ५६.१. | तालिम सञ्चालक भिम बहादुर धरालाले तालिम सञ्चालनमा प्रयोग गर्नको लागि खरिद गरेको डेल ल्यापटप आई-५ थान-१ रू.१,२०,०००/-जिन्सी दाखिला गरेको नदेखिएकोले उक्त ल्यापटप नगरपालिकाको जिन्सी खातामा अविलम्ब आम्दानी बाँध्नुपर्दछ, रू. | १२००००/- |
| ५६.२. | तालिम सञ्चालक भिम बहादुर धरालाले आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकहरूको लागि कम्प्यूटर तालिम सञ्चालन गर्नको लागि रू.५ लाख पेश्की लिएकोमा पेश्की फछ्यौट गर्दा एम आई-१० मोबाईल १ थान समेत खरिद गरी रू.१,१५,०००/-खर्च गरेको बिल पेश गरेको देखियो। प्रधानाध्यापकहरूको लागि कम्प्यूटर तालिम सञ्चालन गर्दा कम्प्यूटर, ल्यापटप लगायतका सामानको आवश्यकता पर्ने भएतापनि मोबाईल खरिद गर्नुको औचित्यता पुष्टि हुन नसकेकोले मोबाईल खरिदमा | |

